# रौतहट जिल्ला अदलत

गौर,रौतहट

## बोलपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०७३/०७/३०.

यस अदालतबाट तपसील बमोजिमको कार्य बोलपत्रद्वारा कार्य गराउनु पर्ने भएकोले ईजाजत प्राप्त इच्छुक निमार्ण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

१ बोलपत्रको सूचना प्रकाशित भएको मितिले तपसील बमोजिमको म्याद भित्र तपसिल बमोजिमको दस्तुर (फिर्ता नहुने गरी ) बुझाई अद्यावधिक नवीकरण भएको ईजाजत पत्र, मु.अ.कर तथा स्थायी लेखा दर्ता प्रमाण-पत्र र आ.व.०७२/०७३ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी निवेदन दिई यस अदालतमा कार्यालयसमय भित्र बोलपत्र फारम खरिद गर्न सकिने छ ।

२ खरिद भएको बोलपत्र प्रष्टसँग भरी निमार्ण व्यवसायीले प्रत्येक पानामा सहिछाप गरी, शिलवन्दी गरी, खाम बाहिर फर्मको नाम, ठेगाना र खरिद नं. तथा कामको नाम प्रष्टसँग लेखी तपसील बमोजिमको बोलपत्र दाखिला गर्ने अन्तिम मितिको दिनको १२:०० बजे भित्र यस रौतहट जिल्ला अदालतमा दर्ता गराउनु पर्नेछ । म्याद सकिएपछि प्राप्त हुने बोलपत्र स्वीकार गरिने छैन । दर्ता भएको बोलपत्रहरु सोही दिनको २:०० बजे उपस्थित बोलपत्रदाताहरु तथा प्रतिनिधिहरुको रोहवरमा यस रौतहट जिल्ला अदालत गौरमा खालिने छ । बोलपत्रदाताहरु वा प्रतिनिधिहरुको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३ एक फर्म वा संस्थाको नाममा खरिद भएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन ।

४ बोलपत्रको मान्य हुने अवधि बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखि ९० दिनको हुनेछ र बोलपत्रसाथ धरौटी बापत तपसिलमा उल्लिखत रकम यस रौतहट जिल्ला अदालतको कार्यालय कोड नं.३२/२०४/०१ उल्लेख गरी को.ले.नि.का. रौहटट राष्ट्रिय बाणिज्य बैंक गौर शाखामा रहेको धरौटी खाता नं.१२२०२०३०००००० मा जम्मा गरेको दोश्रो प्रति बैंक भौचर वा सो रकम बराबरको यस जिल्ला अदालतको नाममा क वर्गको बाणिज्य बैंकद्वारा जारी गरिएको बोलपत्र मान्य हुने अवधि भन्दा ३० दिन बढी मान्य अवधि भएको बिड–बण्ड पेश गर्नुपर्ने छ ।

५ बोलपत्र शर्तरहीत, कार्यालयले उपलब्ध गराएको डकुमेण्टमा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्ने छ । केरमेट भएको ठाउँमा अधिकार प्राप्त व्यक्तिले सही गरेको हुनु पर्ने छ ।

६ बोलपत्रदाताले निमार्ण स्थल र साइटको वास्तविक स्थिति बुझेर बोलपत्र फारम भरी दाखिला गरेको मानिनेछ ।

७ बोलपत्रमा दररेट उल्लेख गर्दा मूल्य अभिवृद्धि बाहेकको दर स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ ।

८ बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सो को भोलिपल्ट वा विदा पछि कार्यालय खुलेको दिन सोहि समयमा बिक्री दर्ता वा खोल्ने काम गरिने छ ।

९ कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस अदालतमा निहित रहने छ ।

१०. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नि परेमा अदालत समय भित्र यस रौतहट जिल्ला अदालत गौरमा सम्पर्क राख्न सकिनेछ ।

११. प्रचलित नियमानुसार रीत नपुगेका र यस सूचना एवं बोलपत्र सम्बन्धि कागजातमा उल्लेखित शर्तहरु पूरा नभएको बोलपत्रमा कारवाही गरिने छैन ।

१२. पूर्व बोलपत्र बैठक मिति २०७३/०८/१७ गते दिन दिनको १:०० बजे यस रौतहट जिल्ला अदालतमा हुनेछ ।

१३. संयुक्त उपक्रम (Joint Venture) को माध्यमबाट काम गर्ने निमार्ण व्यवसायीले संयुक्त लागानी सम्बन्धी सम्झौता पत्र पेश गर्नु पर्नेछ र संयुक्त उपत्रममा बढीमा ३ फर्मले संयुक्त रुपमा बोलपत्रमा भाग लिन सक्ने छन । सम्झौता पत्रमा कामको विवरण र शेयर खुलेको हुनु पर्ने छ ।

१४. बोलपत्र फारम र यस सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै सूचना अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद निमावली, २०६४ एवं प्रचलित ऐन नियमानुसार हुनेछ ।

१५ बोलपत्रदाताले E. Procurement मार्फत www.bolpatra.gov.np मा गई बोलपत्र (Tender) download गरी प्रस्ताव खरिद तथा दर्ता गर्न सक्ने छ ।

१६. ई सब्मिसनको हकमा बोलपत्र खरिद दस्तुर बापतको रकम यस रौतहट जिल्ला अदालतको कार्यालय कोड नं.३२/२०४/०१ राजश्व शीर्षक नं. १४२२७ उल्लेख गरी राष्ट्रिय बाणिज्य बैंक गौर शाखामा रहेको रौतहट जिल्ला अदालतको खाता नं. क १-१-००१ मा जम्मा गरेको बैंक भौचर पेश गर्नु पर्ने छ । सो भौचरमा निमार्ण व्यवसायीको नाम, ठेगाना र खरिद नं. स्पष्टसँग उल्लेख गरेको हुनु पर्ने छ । साथै उक्त रकम बोलपत्र खरिद गर्ने अन्तिम दिन कार्यालय समयभित्र सम्बन्धित खातामा जम्मा भएको हुनु पर्नेछ र अन्यथा मान्य हुने छैन ।

१७. बोलपत्रदाताले लागत अनुमान भन्दा १५% सम्म कम अंक कबोल गरेमा कबोल अंकको ५% र लागत अनुमानको १५% भन्दा बढी घटेर कबोल गरेको अवस्थामा १५ % भन्दा जति रकमले घटी कबोल गरेको छ सो को ५०% ले हुन आउने रकम कबोल अंकको ५ % मा थप गरि कार्य सम्पादन जमानत राख्नु पर्नेछ ।

तपसील

| सि.नं. | खरिद नं. | कामको विवरण | धरौटी रकम रु. | बोलपत्र खरिद दस्तुर रु. | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखीला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| १ | DCRAUT/JQR-Bld/01/073/074 | न्यायधिश आवाश भवन(Judge Quarter Bld) निर्माण कार्य | ८,४३,०००.०० | ३०००.०० | २०७३/८/२९ | २०७३/८/३० |

रौतहट जिल्ला अदालत